आज मिति २०८२ भाद्र ३१ गते मंगलबारको दिन दार्मा गाउँपालिका आ.व. २०८२/८३ को चौथो कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसी तपसिलका प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो ।

**तपसिल**

| सि.नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | निम बहादुर के.सी. | गाउँपालिका अध्यक्ष | |
| २ | जुना मल्ल चन्द | गाउँपालिका उपाध्यक्ष | |
| ३ | रेशम ओली | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | टंक बहादुर वली | सदस्य | |
| ५ | सार्की खत्री | सदस्य | |
| ६ | पोखर बहादुर खत्री | सदस्य | |
| ७ | चन्द्र बहादुर रावत | सदस्य | |
| ८ | सुदिप के.सी. | सदस्य | |
| ९ | देवी खत्री | सदस्य | |
| १० | धनिराम नेपाली | सदस्य | |
| ११ | लाल बहादुर सुनार | सदस्य | |
| १२ | रुपा चन्द मल्ल | सदस्य | |

| | | | |
|---|---|---|---|
| १३ | रेवती कुमारी कामी | सदस्य | |
| १४ | पुष्पाञ्जली मगर | सदस्य | |
| १५ | हिरा खड्का | सदस्य | |
| १६ | सूर्य वहादुर कुँवर | का.स. | |

आमन्त्रित

१ तेत्रि कामी आवा. अध्यक्ष वि.नं. २ तेजी

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

प्रस्तावहरु

१. SUSWA अन्तरगतका आयोजनामा बजेट व्यवस्थापन सम्बन्धमा ।

२. SUSWA अन्तरगतको आयोजना संशोधन सम्बन्धमा ।

३. भुक्तानी सम्बन्धमा ।

४. तलव समायोजन सम्बन्धमा ।

५. सडक मर्मत संभार सम्बन्धमा ।

६. दशै विशेष कार्यक्रम सम्बन्धमा ।

७. ईलाका प्रहरी कार्यालयको शौचालय मर्मत सम्बन्धमा ।

८. कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

९. पोषण कर्नर र स्तनपान कक्ष निर्माण सम्बन्धमा ।

१०. औषधिउपचार खर्च सम्बन्धमा ।

११. विविध

## निर्णय नं १

चालु आर्थिक बर्षमा सबैको लागि दिगो खानेपानी सरसफाई तथा स्वच्छता परियोजना SUSWA र दार्मा गाउँपालिकाको साझेदारीमा गर्नेगरी छनौट भएका आयोजनाहरुको इस्टिमेट गर्दा विनियोजित बजेट अपुग हुने देखिएकोले अव उक्त आयोजनाहरु गर्दा तपसिल बमोजिम गर्ने ।

| सि नं | आयोजनाको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | सिमखोली काफलगैरा विष्टगाउँ लिफ्ट खानेपानी आयोजना | ३५,००,००० | |
| २ | घुसखोला खानेपानी आयोजना | ३०,००,००० | |
| ३ | ज्यूलाटाटा खानेपानी आयोजना | ३०,००,००० | |
| ४ | अँधेरीखोला गलात खानेपानी तथा सरसफाई आयोजना | २०,००,००० | |
| ५ | बराहखोला स्यालढुङ्गे साङ्टा खानेपानी तथा सरसफाई योजना | ३५,००,००० | |
| ६ | धाराखोला अरबारे खानेपानी तथा सरसफाई योजना | ३०,००,००० | |
| | जम्मा | १,८०,००,००० | |

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्थापना
२०७३

## निर्णय नं २

चालु आर्थिक बर्षमा सबैको लागि दिगो खानेपानी सरसफाई तथा स्वच्छता परियोजना SUSWA र दार्मा गाउँपालिकाको साझेदारीमा गर्नेगरी वडा नं ३ मा धुलखर्क वेतनीखोला खानेपानी आयोजना प्राथमिकतामा रहेको तर उक्त आयोजनामा खानेपानी सुचारु भएकोले उक्त आयोजनाको सट्टामा वडा नं ३ को ज्युला टाटा खानेपानी आयोजना निर्माण गर्ने गरि काम अगाडि बढाउने ।

## निर्णय नं ३

चालु आर्थिक बर्षमा बर्षातको समयमा सडक मर्मत संभार तथा ग्राभेलको काम सम्मन्न भईसकेकोले मर्मत संभार कोषबाट भुक्तानी हुनेगरी व्यवस्था मिलाउने ।

तपसिल

| सि नं | योजनाको नाम | वडा नं | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | फारुला थुम्केसल्ली मौलेखाली र फारुलाबजार नविल बैकदेखी मसानघाट सम्म सडक स्तरउन्नती तथा ग्राभेल | वडा नं २ र ३ | ६००२५१ | |
| २ | फारुला खलटाकुरी सडक स्तरउन्नती तथा ग्राभेल | वडा नं ३ र ६ | ५०५१६२ | |

## निर्णय नं ४

गाउँसभाको १७ औं अधिवेशनले तलव समायोजन सम्बन्धी निर्णयमा सातौँ तहको तलव समायोजन छुट भएकोले निजलाई तपसिल बमोजिम तलव उपलब्ध गराउने

| सि नं | कर्मचारीको नामथर | तह | तलबमान | कैफियत |
|---|---|---|---|---|
| १ | अधिकृतस्तर | सातौँ | ३५५०० | दार्मा गा पा ले वेहोर्ने २५% मात्र |

निर्णय प्रमाणित

श्याम ओली
प्रमुख प्रशासकीय अधिकृत

गौरी दौर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
२०७३

| | | | | |
|---|---|---|---|---|
| २ | इन्द्र बहादुर वली | सहायक क.अ. | २५००० | लेखा शाखामा थप जिम्मेवारी |
| ३ | अर्जुन वली | ह.स.चा | २७६१० | अध्यक्षको सचिवालय |

**निर्णय नं ५**

बर्षातको कारण विग्रेको तपसिलका मुख्य सडकहरु पालिकाको मेशिनले देहायको समय तालिका अनुसार सरसफाई गर्ने र बाँकी सहायक सडकहरु वडा कार्यालयको समन्वयमा सोझै खरिद विधिबाट गर्ने गराउने व्यवस्था मिलाउने ।

तपसिल

| सि न/प्राथमिकता नं | सडकको नाम | कैफियत |
|---|---|---|
| १ | सेताढाँर फारुला मौलेखाली सिलिङ्गी सडक | असोज ६ |
| २ | चैतेखोला फारुला दार्माकोट नुवाकोट सडक | गतेदेखि |
| ३ | नुवाकोट वादने बाघखोर ढाकाडमकोट साङ्ट फारुला | |
| ४ | फारुला मलिवाङ भुर्तीवाङ गोठिवन सिमाखोली | |
| ५ | सिमाखोली गोठिवन त्रिवेणी लैयाटा | |

**निर्णय नं ६**

दशैं विशेष कार्यक्रमको सन्दर्भमा यहि असोज १९ गते आईतबारको दिन गाउँपालिकाको कार्यालयमा सुभकामना आदान प्रदान कार्यक्रम गर्ने र इलाका प्रहरी कार्यालय फारुलाचौरलाई रु. २००००। बराबरको दशै खर्च उपलव्ध गराउने ।

**निर्णय नं ७**

ईलाका प्रहरी कार्यालय फारुलाचौरको शौचालय र प्रतिक्षालय मर्मत गर्नुपर्ने भएकोले मर्मत संभार कोषबाट भुक्तानी हुनेगरी मर्मत कार्य गर्ने गराउने ।

निर्णय प्रमाणित

रोम ओली
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ८

कर्मचारी व्यवस्थापन सम्बन्धमा वडा नं ५ को कार्यालय र कागुनोहाल्ने स्वास्थ्य चौकीमा कार्यरत कार्यालय सहयोगी लाई ६/६ महिनामा आलोपालो कामकाज गर्नेगरी खटाउने।

निर्णय नं ९

गाउँपालिकाको कार्यालयमा १ वटा पोषण कर्नर स्थापना तथा स्तनपान कक्ष निर्माण गर्ने र शिर्षकबाट भुक्तानी दिने व्यवस्था मिलाउने।

निर्णय नं १०

अध्यक्षबाट प्रदान गरिने आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७७ को तपसिलको दफा बमोजिम देहायका व्यक्तिहरुलाई आर्थिक सहायता उपलव्ध गराउने।

तपसिल

| सि नं | व्यक्तिको नामथर | ठेगाना | समस्या | सहायता रकम | दफा |
|---|---|---|---|---|---|
| १ | रिता के सी | दार्मा ३ | मृगौला समस्या | | |

निर्णय नं १० : विविध

क) चालु आर्थिक बर्षमा मर्मत संभार कार्यकर्ताहरुले श्रावन र भाद्र महिनामा सडक सरसफाईको काम गरेवापतको पारिश्रमिक डोर हाजिरी फारम र वडाको सिफारिसको आधारमा भुक्तानी गरि असोज १ गतेदेखी काममा नलगाउने।

ख) भूमी सम्बन्धी पेश गर्न बाँकी फाईलहरु वडा कार्यालयले तत्काल कार्यालयमा पेश गर्ने। दैनिक डोर हाजिरी र वडा कार्यालयको सिफारिसको आधारमा लगत संकलकको दैनिक ज्याला भुक्तानी गर्ने तथा भूमी शाखामा कार्यरत सहायक पाँचौको श्रावन र भाद्र महिनाको ज्याला भुक्तानी गरी असोज देखी काममा नलगाउने।

... बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

... ओली
प्रमुख प्रशासकीय अधिकृत

ग) आ.ब. २०७८/७९ को महालेखापरिक्षकको बार्षिक प्रतिवेदनको दफा २६ मा सुर्योदय मावि दार्मा 6 गोठिवनलाई बार्षिक निकासा रु. ५३,३०,४१८ गर्नुपर्नेमा रु. ५८,९४,२९१ निकासा गरेको र रु. ५,६३,८७३ असुल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने भन्ने ब्यहोराको बेरुजु कायम भएकोमा सम्बन्धित विद्यालयको दरबन्दि विवरण, कार्यरत शिक्षक कर्मचारी विवरण , माग फारम रुजु गर्दा ५८,९४,२९१ नै निकासा हुनुपर्ने तथा असुल गर्नु नपर्ने देखिएकोले सो रकम विद्यालयबाट असुल नगरी सम्परिक्षणको लागि प्रमाण पेश गर्ने निर्णय ।

घ) आ.ब. २०७५/७६ को महालेखा परिक्षकको बार्षिक प्रतिवेदनको दफा ५८(क) मा मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थामा प्रसुति हुने महिलालाई प्रोत्सहान तथा यातायात खर्च बापत रु. २८०० दिने ब्यवस्था भएकोमा स्वास्थ्य चौकि भल्चौरका इन्चार्ज श्री सुवास हमालले शुरुमा रु. १४०० का दरले बुझाएकोमा गाउपालिकाको निर्देशनमा थप १४०० का दरले रु १,२४,२०० पनि सम्बन्धिलाई बुझाइसकेको हुदा सो रकम असुल नगरी सम्परिक्षणको लागि रकम बुझाएको प्रमाण पेश गर्ने ।

ङ) यस गाउँपालिका र निर्माण व्यवसायी मिलेनियम /कल्पवृक्ष/ शिव निर्मल जे.भी.(६१६०३८५४९) बीच ठेक्का नं ०९-०७७।७८ बाट १५ शैयाको प्राथमिक स्वास्थ्य केन्द्र अस्पताल भवन निर्माण गर्न मिति २०७८ आषाढ २३ मा सम्झौता भएकोमा कार्यालयले उक्त म्याद भित्रको मुल्य अभिवृद्धि रकम असुल गर्नुपर्ने भनी आ.व. २०८१/ ८२को महालेखापरीक्षणको सिलसिलमा विषय उठान भएकोमा उक्त रकम म्याद भित्रकै मूल्य समायोजन रकम भएकोले उक्त रकम असुल गर्नु नपर्ने ।

च) पालिकाले वडा नं. १ देखी ६ सम्मका सबै सडकहरुको सरसफाई र मर्मत कार्य गर्नका लागि जिल्ला दररेट प्रतिघण्टा जे.सि.वी सञ्चालन लागत रु.२८०० मा प्रतिस्पर्धाको माध्यमबाट सूचना टाँस गरी खरिद कार्य गरेको छ । २० लाख भन्दा माथिको खरिदमा E-bidding गर्नुपर्ने प्रावधान भएतापनी सरसफाईको काम बर्खा सकिएपछि तुरुन्त गर्नुपर्ने, बाटोहरु धेरै भएकोले पालिकाको जे.सि.वि ले मात्र गर्न नसक्ने हुँदा E-bidding प्रकृया लामो भई मर्मत तथा सरसफाईको काम समयमै नहुने भएकोले एकपटकको लागि लेखापरीक्षकणको सिलसिलामा अनियमित बेरुजुलाई नियमित गरिदिन अनुरोध गर्ने ।

गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत